


वर्ष ४० | अंक १२ | नेपाल राष्ट्र बैंक समाचार | भदौ २०७३ | अगस्ट–सेप्टेम्बर २०१६

# गभर्नर डा. चिरंजीबि नेपालबाट वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले साउन २८ गते ग्रामीण स्वावलम्बन केन्द्रको २५औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।



काठमाडौंमा आयोजित सो कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले सर्वसाधारणलाई गरिबीको रेखाबाट माथि उठाउन लघुवित्त बैंकिङ महत्वपूर्ण माध्यम रहेको बताउँदै ग्रामीण स्वावलम्बन केन्द्रले स्थापनाको २५ वर्षको अवधिमा नेपालको गरिबी निवारणका लागि गरेका कार्यहरुको प्रशंसा गर्नुभयो । उहाँले गत जेठ २-३ मा ग्रामीण स्वावलम्बन केन्द्रले आयोजना गरेको राष्ट्रिय लघुवित्त सम्मेलन जस्ता सम्मेलनहरुको निरन्तरतामा जोड दिँदै नेपालको गरिबी निवारणका लागि गरिने कार्यक्रमहरुलाई नेपाल राष्ट्र बैंकको सहयोग निरन्तर जारी रहने जानकारी दिनुभयो ।

भौगोलिक हिसाबले विकट र दुर्गम जिल्लाहरुमा लघुवित्त बैंकिङ सेवा पुगोस् भन्ने उद्देश्यले चालू आर्थिक वर्षको मौद्रिक नीति मार्फत तोकिएका ९ जिल्लामा प्रधान कार्यालय रहने गरी लघुवित्त संस्थाहरुको स्थापना गर्न सकिने व्यवस्था गरिएको पनि गभर्नर डा. नेपालले सो कार्यक्रममा उल्लेख गर्नुभयो । लघुवित्त कारोबारमा महिलाहरुको विशेष सहभागिता देखिनुलाई उत्साहप्रद भन्नु हुँदै उहाँले संस्था र सेवाग्राही दुवैको हितलाई ध्यानमा राखेर लघुवित्त बैंकिङमा ब्याजदर सम्बन्धित संस्थाको कोषको लागत (Cost of fund) मा बढीमा ७ प्रतिशत स्प्रेड कायम गरी निर्धारण गर्ने व्यवस्था ल्याइएको बताउनु भयो ।

गभर्नर डा. नेपालले लघुवित्त कारोबार गर्ने संस्थाहरुलाई जनताको घरदैलोमा पुगेर थप सेवा दिन र बढी सेवामुखी हुन आग्रह गर्नुभयो । वाणिज्य बैंकहरुलाई पनि जनताको घरदैलोमा पुऱ्याउन न्यूनतम् २ प्रतिशत कर्जा प्रत्यक्ष रुपमा विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको तथ्य प्रकाश पार्नु हुँदै उहाँले सक्षम र सुशासित बैंकिङ क्षेत्रले नै नेपालको आर्थिक विकासमा योगदान दिन सक्ने धारणा राख्नुभयो । उक्त कार्यक्रममा उहाँले राष्ट्रिय लघुवित्त सम्मेलनको प्रतिवेदन विमोचन गर्नुका साथै सो सम्मेलनका प्रायोजकहरुलाई प्रशंसापत्र र ग्रामीण स्वावलम्बन केन्द्रमा लामो समय सेवा गर्नु भएका कर्मचारीहरुलाई कदरपत्र प्रदान गर्नुभयो ।




डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले पनि सो कार्यक्रममा मन्तव्य राख्नु भयो । उहाँले नेपालको गरिबी निवारण र लघुवित्त अभियानमा पूर्व डेपुटी गभर्नर डा. हरिहरदेव पन्तको योगदानको स्मरण गर्दै अहिले देशमा लघुवित्तका लागि अनुकूल वातावरण बनेको र स्वाभिमानी तथा आत्मनिर्भर अर्थतन्त्रको विकासका साथै महिला सशक्तीकरणमा लघुवित्त संस्थाहरुको भूमिका महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । लघुवित्तका क्षेत्रमा कार्यरत संस्थाहरु सेवा भावनाबाट विचलित हुन नहुने कुरामा उहाँले विशेष जोड दिनुभयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका वरिष्ठ अधिकृतहरु लगायत विभिन्न बैंकहरु, लघुवित्त संस्थाहरु, सहकारी तथा अन्य संस्थाहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# गभर्नर डा. नेपालद्वारा राष्ट्रिय वाणिज्य बैंक लि., हार्थोक शाखाको उद्घाटन




गभर्नर डा. चिरंजीबि नेपालले पुनर्स्थापित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको हार्थोक, पाल्पा शाखाको साउन २९ गते उद्घाटन गर्नुभयो ।

सो अवसरमा उहाँले ग्रामीण क्षेत्रमा बैकिङ सेवाको विस्तार, स्थानीय उद्योगधन्दा तथा व्यवसायको विकास आदिले आर्थिक उन्नतिको ढोका खुल्ने बताउनु हुँदै यस्तो सेवा विस्तारले उद्यमशीलताको विकास हुनुका साथै कृषिमा व्यवसायिकता ल्याउन समेत मद्दत पुग्ने विचार व्यक्त गर्नु भयो । बैंकका शाखाको पुनर्स्थापना पछि निक्षेप एवम् कर्जाको उपयोग मार्फत बैंकको भरपुर उपयोग गर्न पनि उहाँले सुझाव दिनु भयो । ग्रामीण अर्थतन्त्रको हिस्सा अधिकतम रहेको हाम्रो जस्तो मुलुकमा कृषि उत्पादनमा वृद्धि ल्याई कृषि उपजको आयातको निर्भरता कम गर्दै जानु पर्ने उहाँले बताउनु भयो । कृषि कर्जामा व्याज अनुदान प्रदान गरिएकाले स्थानीय जनतालाई सोको उपयोग गर्न सुझाव दिँदै उहाँले ग्रामीण क्षेत्रले नेपालको शहरी क्षेत्रको तरकारी लगायत कृषि उपजको माग पूरा गर्नु पर्ने बताउनु भयो ।

देशको वर्तमान आर्थिक अवस्थाको चर्चा गर्दै उहाँले हाल देशमा विदेशी मुद्राको संचिति उल्लेख्य भए तापनि व्यापारघाटा उच्च रहेको, सरकारको पुँजीगत खर्च कम रहेको एवम् मुद्रास्फीति दर उच्च रहेकोले यस वर्ष यी चुनौतीहरूको सामना गरी उच्च स्तरको आर्थिक वृद्धि हासिल गर्नु पर्ने बताउनु भयो ।

# गभर्नर डा. नेपालबाट नेपाल ग्रामीण विकास बैंकको वार्षिकोत्सवको उद्घाटन



गभर्नर डा. चिरंजीबि नेपालले नेपाल ग्रामीण विकास बैंक लिमिटेडको मर्जर पछिको दोस्रो वार्षिकोत्सवको साउन ३० गते बुटवलमा समुद्घाटन गर्नु भयो ।

सो अवसरमा गभर्नर डा. नेपालले ग्रामीण विकास बैंकहरूको मर्जर प्रकृया कठिन अवस्थामा पनि सफल भएको र यस कार्यमा योगदान पुऱ्याउने सबै Stakeholder हरूको सराहना गर्नु भयो । पछिल्लो २ वर्ष बैंक लगातार नाफामा जानु सन्तोषजनक रहेको बताउँदै विपन्न वर्गका लागि लक्षित गरी खोलिएको बैंक असफल हुन नहुने बताउनु भयो । दुर्गम, ग्रामीण क्षेत्रमा बसोवास गर्ने न्यूनतम आय भएका जनताको जीवनस्तर सुधार्न ग्रामीण विकास बैंकको विशेष भूमिका रहेको औल्याउँदै उहाँले लघु कर्जाबाट विपन्न वर्गको उत्थानमा विशेष अपेक्षा रहेको बताउनु भयो । वित्तीय पहुँच विस्तार मार्फत ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको व्यवसाय, उत्पादनमा वृद्धि हुने बताउँदै उहाँले रेमिट्यान्सको अति निर्भरतामा पनि यसले कम गर्न सघाउ पुऱ्याउने उल्लेख गर्नु भयो । ग्रामीण र दुर्गम स्थानमा स्रोतको कमी रहेको तथा अझै पनि ६० प्रतिशत जनता औपचारिक बैंकिङ सेवाको पहुँच बाहिर रहेको अवस्थामा घ वर्गका संस्थाको योगदान महत्वपूर्ण भएको एवम् कर्जाको पहुँच पुऱ्याई सीप र इच्छाशक्ति भएका ग्रामीण जनताको आर्थिक क्रियाकलाप र व्यवसाय विस्तारमा सहयोग पुऱ्याउनु पर्ने बताउनु भयो ।

ग्रामीण अर्थतन्त्रको रूपान्तरणका लागि काम गर्ने ग्रामीण विकास बैंक जस्ता संस्थाहरूले केवल नाफालाई एक मात्र लक्ष्यका रूपमा राख्न नहुने गभर्नर डा. नेपालले बताउनु भयो । हालै घ वर्गका संस्थाहरूका लागि ल्याइएको ७ प्रतिशत स्प्रेडको नीतिगत व्यवस्थाले दीर्घकालमा संस्थाको स्थायित्वमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो । सो अवसरमा उहाँले वर्तमान आर्थिक अवस्थाको चर्चा गर्नु हुँदै सबै मिलेर न्यून आर्थिक वृद्धि, व्यापारघाटा जस्ता चुनौतीको सामना गर्नमा सहयोग गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

# गभर्नर डा. नेपालबाट कार्यशाला उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले साउन २७ गते Operational Research Society of Nepal (ORSN) बाट आयोजना गरिएको Data Envelopment Analysis and its Applications in the Financial Sector विषयक दुई दिने कार्यशालाको उद्घाटन गर्नुभयो ।

कृषि विकास बैंकको केन्द्रीय तालिम इन्स्टिच्युट बोडे, भक्तपुरमा आयोजित सो कार्यशालामा प्रमुख अतिथि गभर्नर डा. नेपालले नेपाल जस्तो विकासोन्मुख देशले दीगो आर्थिक वृद्धिका लागि स्पष्ट लक्ष्य सहित आन्तरिक क्षमता अभिवृद्धिका साथै पूर्वाधारहरुको विकास गर्दै जानुपर्ने बताउनु भयो । वित्तीय क्षेत्रलाई विकासको मार्गको रुपमा चित्रण गर्नु हुँदै उहाँले वित्तीय क्षेत्रमा दुर्घटना हुन नदिन र जोखिमको पहिचान तथा व्यवस्थापन गर्नको लागि सम्बद्ध सबै पक्षहरु चनाखो हुनु पर्नेमा जोड दिनुभयो ।



गभर्नर डा. नेपालले ORSN ले गरिरहेको प्रकाशन, अनुसन्धान, तालिम आदिबाट अनुसन्धान तथा विकासलाई प्रवर्द्धन भइरहेको र यस्ता कार्यले समाजमा ज्ञानको प्रवाह हुनुका साथै वित्तीय स्थायित्वलाई सहयोग मिलेको धारणा राख्नुभयो । वैज्ञानिक मानकका आधारमा बैंक तथा वित्तीय संस्थाहरुको गुणस्तरीयताको पहिचान गरी कमजोर संस्था सुधारका लागि सुझाव दिनको लागि तथ्यांकको विश्लेषण र अनुसन्धानमा थप कार्यको आवश्यकता महसुस भएको उल्लेख गर्नु हुँदै उहाँले हरेक संस्थाले आफूलाई पारदर्शी, सक्षम तथा व्यवस्थित बनाउनु पर्ने र सो नगर्ने संस्थालाई समाजले दण्डित गर्ने विचार राख्नुभयो ।



उक्त कार्यशालाको उद्घाटनका क्रममा Data Envelopment Analysis तथ्यांक विश्लेषणको उपयोगी उपकरण भएको र यसलाई उपयुक्त तरिकाले प्रयोग गरेमा तथ्यांकमा लुकेर रहेका तथ्यहरु पत्ता लगाउन सकिने कुरा पनि गभर्नर डा. नेपालले बताउनु भयो । उहाँले कार्यशालाका लागि आमन्त्रित प्रस्तोता Prof. Dr. Ali Emrouznejad (Aston University, UK) लाई विशेष धन्यवाद पनि दिनुभयो ।

उक्त कार्यशालामा नेपाल राष्ट्र बैंक लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

## भुक्तानी उपकरण जारी गर्न अनुमति लिनुपर्ने

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले भुक्तानी उपकरणहरु जारी वा सञ्चालन गर्नका लागि भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ तथा भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ अनुसार नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागबाट अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ ।

## नगद लाभांश र फिर्ता रकम खातामा जम्मा गरिने

बैंक तथा वित्तीय संस्थाले आफ्ना शेयरधनीलाई प्रदान गर्ने नगद लाभांश शेयरधनीको खातामा जम्मा हुने नीतिगत व्यवस्था गरिएको छ । साथै, सार्वजनिक निष्काशनको क्रममा लगानीकर्ताले माग गरे बमोजिमको शेयर प्राप्त गर्न नसकेको खण्डमा त्यस्तो रकम फिर्ता गर्दा पनि लगानीकर्ताले दरखास्त फारममा उल्लेख गरेको खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## सफ्टवेयर आयात सम्बन्धमा

नेपालका संघसंस्था तथा कम्पनीहरुले परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुनेगरी भारतबाट एकपटकमा बढीमा १५,००० अमेरिकी डलरसम्मको सफ्टवेयर तोकिएका प्रक्रियाहरु पूरा गरी एल. सी. मार्फत खरिद गर्नसक्ने व्यवस्था गरिएको विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको परिपत्रमा उल्लेख छ ।

## विदेशी मुद्रा कारोबार बारे

खरिद कारोबार मात्र हुँदै आएका स्विडिस क्रोनर, डेनिस क्रोनर, हङकङ डलर, कुवेती दिनार र बहराइन दिनारको बिक्री कारोबार समेत खुला गरिएको छ । इजाजतपत्र पाएका संस्थाहरुले खरिद बिक्री दुवै कारोबार गर्न सक्ने विदेशी मुद्राहरुको संख्या अब २१ पुगेको छ ।

# साइबर अपराध बारे सचेत रहन जरुरी –गभर्नर डा. नेपाल

(सन्दर्भः Cyber Risks & Security Seminar)

गभर्नर डा. चिरंजीवि नेपालले नेपाल राष्ट्र बैंक साइबर अपराध बारे सचेत रहेको र सबै बैंक तथा वित्तीय संस्थाहरुमा पनि यस सम्बन्धमा सचेतना जरुरी रहेको बताउनु भएको छ । साउन २८ गते नेपाल बैंकर्स एसोसिएसनद्वारा काठमाडौंमा आयोजना गरिएको Cyber Risks & Security विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिनु हुँदै उहाँले उक्त कुरा बताउनु भएको हो ।




गभर्नर डा. नेपालले सूचना प्रविधि मार्फत कम लागतमा बढी काम गर्न सकिने भए पनि यो क्षेत्र जोखिममुक्त नरहेको र यसमा आपराधिक गतिविधिहरु बढिरहेको हुँदा नेपाल पनि त्यसबाट प्रभावित हुन सक्ने भएकोले सो सामना गर्नका लागि सबैले मिलेर लाग्नुपर्ने धारणा सो अवसरमा राख्नुभयो । एटिएम, स्विफ्ट आदिमा देखिएका ठगी कार्यहरुको उल्लेख गर्नु हुँदै उहाँले त्यस्ता व्यक्तिहरुको मुद्रा निर्मलीकरण र आतंककारी क्रियाकलापमा संलग्नता रहेको हुनसक्ने संकेत गर्नुभयो ।

विश्वमा दिनानुदिन बढिरहेको साइबर अपराध वित्तीय प्रणालीमा ठूलो जोखिमको रुपमा देखिएको हुँदा विकसित र सुरक्षित प्रविधि प्रयोग गरी पूर्व सावधानी अपनाउन गभर्नर डा. नेपालले सुझाव दिनुभयो । नेपाल राष्ट्र बैंकले साइबर अपराधलाई निराकरण गर्नको लागि सूचना प्रविधि सम्बन्धमा आवश्यक मार्गनिर्देशन तयार गरेको र यसले सूचनाको सुरक्षामा जोड दिएको पनि उहाँले उल्लेख गर्नुभयो ।

सो अन्तरक्रिया कार्यक्रममा नेपाल सरकारको सुरक्षा निकायका प्रमुखहरु, नियामक निकायका प्रतिनिधिहरु लगायत नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो । KPMG को सहकार्यमा गरिएको सो कार्यक्रममा Cyber Security: Key Business Risk र Cyber Risk Exposure: Change in Traditional Approach विषयहरुमा वार्ता प्रस्तुत गरिएको थियो ।

# अनलाइन बोलकबोल प्रणाली विषयक अनुशिक्षण कार्यक्रम सम्पन्न

राष्ट्र ऋण व्यवस्थापन विभागले साउन २८ गते बैंकर्स प्रशिक्षण केन्द्रको तालिम हलमा विभागका कर्मचारीहरुको सहभागितामा "अनलाइन बोलकबोल प्रणाली" विषयक एकदिने अनुशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो । अनलाइन बोलकबोल प्रणालीका बारेमा विभागका सम्पूर्ण कर्मचारीहरुलाई थप जानकारी गराउने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रममा राष्ट्रऋण व्यवस्थापन विभागका सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य व्यक्त गर्दै राष्ट्रऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले ऋणपत्रको बोलकबोलमा अनलाइन प्रक्रिया थालनी भएबाट बोलकबोल गर्ने पुरानो प्रक्रियाको अन्त्य भई नयाँ युगको शुरुआत भएको उल्लेख गर्नुहुँदै कार्यक्रममा विभागका सम्पूर्ण कर्मचारीहरुको सक्रिय सहभागिता रहेकोमा खुसी प्रकट गर्नु भएको थियो । यस प्रकारका कार्यक्रमबाट विभागका सम्पूर्ण कर्मचारी लाभान्वित हुन जाने भएकाले आगामी दिनमा पनि यस्तो कार्यक्रमलाई निरन्तरता दिइने कुरा व्यक्त गर्दै कर्मचारीहरुले कुनै पनि विषयवस्तुको सतही भन्दा जरैदेखि ज्ञान हासिल गर्ने गरेमा मात्र सम्बन्धित विषयवस्तुमा पूर्ण तथा दिगो ज्ञान हासिल हुन गई सो ज्ञान फलदायी हुने कुरा उहाँले व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको सुरुमा स्वागत मन्तव्य व्यक्त गर्ने क्रममा निर्देशक सीता घिमिरेले सरकारी ऋणपत्र लगायत मौद्रिक उपकरणहरुको बोलकबोल प्रक्रियामा रहेका विगतका समस्याहरुलाई निराकरण गर्न अनलाइन प्रणाली मार्फत बोलकबोल गर्ने कार्य सुरु भएकोमा खुसी प्रकट गर्दै यस कार्यबाट विभागले ठूलो उपलब्धि हासिल गर्नुका साथै अनलाइन बोलकबोल प्रणालीका बारेमा थप जानकारी गराउन आयोजना गरिएको यस कार्यक्रमबाट विभागका सम्पूर्ण कर्मचारी सु-सुचित हुने अवसर प्राप्त भएको कुरा व्यक्त गर्नु भएको थियो ।

उक्त कार्यक्रममा उपनिर्देशक कुलबहादुर के.सी. र सहायक निर्देशक पुष्करप्रसाद रिजालले अनलाइन बोलकबोल प्रणालीका सम्बन्धमा सहभागीहरुलाई अनुशिक्षण प्रदान गर्नु भएको थियो ।

# विद्यार्थी लक्षित आर्थिक ज्ञान कार्यक्रम

बालुवाटार कार्यालयमा साउन १४ गते विद्यार्थीहरुलाई लक्षित गरी आर्थिक ज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन भयो ।

बुढानिलकण्ठ स्कुलका विद्यार्थीहरु सहभागी रहेको सो कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले विद्यार्थीहरुलाई नेपालको वित्तीय प्रणालीका बारेमा ज्ञान प्रदान गर्नुभयो । उहाँले नेपाल राष्ट्र बैंकको स्थापना, उद्देश्य तथा कार्यहरुका साथै बैंक खाता, बचत, ऋण, बजेट, विप्रेषण, बीमा, विदेशी विनिमय, शेयर, विद्युतीय बैंकिङ, म्युचुअल फण्ड, मुद्रा निर्मलीकरण आदिका बारेमा जानकारी दिनुभयो । कार्यक्रममा सहभागी विद्यार्थीहरुले राखेका जिज्ञासाहरुलाई पनि उहाँले सम्बोधन गर्नुभयो ।



उक्त कार्यक्रममा ३५ जना विद्यार्थीहरु सहभागी थिए । उनीहरुले कार्यक्रम निकै उपयोगी रहेको बताएका थिए । कार्यक्रममा विद्यार्थीहरुलाई वित्तीय जानकारी सम्बन्धी पुस्तकहरु पनि वितरण गरिएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटी ताञ्जानियामा



डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी Dares Salaam, Tanzania मा GSMA ले आयोजना गरेको Sthe GSMA Mobile 360- Africa and Mobile Money Leadership Forum मा सहभागी हुनुभयो । जुलाइ २६ देखि २८ सम्मको सो कार्यक्रममा भुक्तानी प्रणाली विभागका निर्देशक रामबहादुर मानन्धरको पनि सहभागिता रहेको थियो ।

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

गभर्नरको कार्यालयले आर्थिक वर्ष २०७३।७४ मा १२ वटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गर्ने योजना अनुसार पहिलो कार्यक्रम साउन ३२ गते सम्पन्न गऱ्यो । उक्त ज्ञान आदानप्रदान कार्यक्रममा संस्थागत योजना विभागका उपनिर्देशक राजनबिक्रम थापाले Principles and Practices of Risk Management in Nepal Rastra Bank विषयमा प्रस्तुति दिनुभयो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंकको काठमाडौंस्थित सबै विभाग तथा कार्यालयका अधिकृत स्तरका कर्मचारीहरुको सहभागिता रहेको थियो ।



# डेपुटी गभर्नर श्रेष्ठ स्विट्जरल्याण्डमा



डेपुटी गभर्नर शिबराज श्रेष्ठ Basel, Switzerland मा BIS ले अगस्त ११ देखि १४ सम्म आयोजना गरेको Executive Interaction Program मा सहभागी हुनुभयो ।

## सरुवा

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीको बैंकिङ कार्यालयमा सरुवा भएको छ ।

## कायम मुकायम मुकरर

निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका उपेन्द्रकुमार पौडेल र वित्त कम्पनी सुपरिवेक्षण विभागका एजिन्द्रप्रसाद लुइँटेल कायम मुकायम कार्यकारी निर्देशक मुकरर हुनु भएको छ । उहाँहरुलाई क्रमशः लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग र वित्त कम्पनी सुपरिवेक्षण विभागको कायम मुकायम कार्यकारी निर्देशकको जिम्मेवारी दिइएको छ ।

उपनिर्देशकद्वय बलराम पौडेल (आन्तरिक लेखापरीक्षण विभाग) र किशोरकुमार ढकाल (संस्थागत योजना विभाग) कायम मुकायम निर्देशक मुकरर हुनु भएको छ ।

## कार्यकारी निर्देशकहरुको अवकाश

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक राजनबिक्रम शाह र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. विनोद आत्रेयले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरु दुवैजनाले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नु भएकोले अवकाश हुनु भएको हो ।

## अवकाश

सहायक निर्देशकहरु टक्सार महाशाखाका केशव महर्जन, सामान्य सेवा विभागका विनोद शाक्य र बैंकर्स प्रशिक्षण केन्द्रका हरिकुमार कार्कीले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरु मध्ये महर्जन र शाक्यले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नु भएकोले अवकाश हुनु भएको हो भने कार्कीले ५८ वर्षको उमेर हदका कारण अवकाश हुनु भएको हो ।

सामान्य सेवा विभागका वरिष्ठ मर्मत तथा सम्भार सहायक शर्मिला कँडेलले बैंक सेवामा ३० वर्षको अवधि पूरा गर्नु भएकोले अवकाश पाउनु भएको छ ।

## पदस्थापन

प्रधान सहायकहरु विराटनगर कार्यालयका सुनिल अधिकारी, मुद्रा व्यवस्थापन विभागका महेशदत्त भट्ट, बैंकिङ कार्यालयका डिल्लीकुमार थापा मगर, सिद्धार्थनगर कार्यालयका देवराज ज्ञवाली र नेपालगञ्ज कार्यालयका कमलप्रसाद न्यौपाने, धनगढी कार्यालयका सुरज चौधरी र बैंकिङ कार्यालयका तुलसा ओझाको कार्यरत रहेकै विभाग/कार्यालयमा पदस्थापन भएको छ । नेपालगञ्ज कार्यालयका प्रधान सहायक मञ्जुकुमारी न्यौपानेको मुद्रा व्यवस्थापन विभाग (कामकाज नेपालगञ्ज कार्यालय) मा पदस्थापन भएको छ ।

## बढुवा तथा पदस्थापन

प्रशासन सेवातर्फ रिक्त रहेको सहायक (सहायक द्वितीय) पद संख्या ६ मूल्यांकन बढुवाद्वारा पूर्ति गरिएको छ ।

यस अनुसार उपसहायक (सहायक तृतीय) पदमा कार्यरत जनकपुर कार्यालयका पुष्पराज सुवेदी, बैंकिङ कार्यालयका भक्तबहादुर थापा, मुद्रा व्यवस्थापन विभागका हरिश्चन्द्र कार्की, संस्थागत योजना विभागका शिवराम फुँयाल, टक्सार महाशाखाका बालकुमार महर्जन र सामान्य सेवा विभागका रामप्रसाद बजगाईं सहायक (सहायक द्वितीय) मा बढुवा हुनु भएको छ ।

उहाँहरु मध्ये थापा र कार्कीको कार्यरत रहेकै विभाग/कार्यालयमा पदस्थापन भएको छ भने सुवेदीको पोखरा कार्यालय (कामकाज जनकपुर कार्यालय) मा, फुँयालको बैंक तथा वित्तीय संस्था नियमन विभाग (कामकाज कानुन महाशाखा) मा, महर्जनको बैंकिङ कार्यालय (कामकाज टक्सार महाशाखा) मा र बजगाईंको राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाज सामान्य सेवा विभाग) मा पदस्थापन भएको छ ।

बढुवा तथा पदस्थापन हुनु भएका सबैलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

## दरबन्दी मिलान

विभिन्न विभाग/कार्यालयमा कामकाजमा रहनु भएका अधिकृतस्तर, सहायकस्तर र कार्यालय सहयोगीस्तरका कर्मचारीहरुको दरबन्दी मिलान भएको छ ।

कायम मुकायम निर्देशकद्वय विनोदराज आचार्यको वित्त कम्पनी सुपरिवेक्षण विभागमा र रामप्रसाद गौतमको बैंकर्स प्रशिक्षण केन्द्रमा तथा उपनिर्देशकहरु इन्द्रप्रसाद अधिकारीको सामान्य सेवा विभाग (कामकाज पोखरा कार्यालय) मा, दीपकप्रसाद उप्रेतीको कानुन महाशाखा (कामकाज वित्तीय जानकारी एकाइ) मा र शशिधर अर्यालको बैंक तथा वित्तीय संस्था नियमन विभाग (कामकाज जनशक्ति व्यवस्थापन विभाग) मा दरबन्दी मिलान भएको छ । उपनिर्देशक (क्लिनिक) मिना ढकाल (कोइराला) को सामान्य सेवा विभागमा, उपनिर्देशकहरु (कम्प्युटर) कृष्णगोपाल श्रेष्ठको विदेशी विनिमय व्यवस्थापन विभागमा, रामवृक्ष पण्डितको वित्त व्यवस्थापन विभाग (कामकाज जनकपुर कार्यालय) मा तथा माधवराम डंगोल र रामप्रसाद राजभण्डारीको गभर्नरको कार्यालयमा दरबन्दी मिलान भएको छ ।

सहायक निर्देशकहरु मोहनप्रसाद भट्टराईको वित्त व्यवस्थापन विभागमा, दीपक अधिकारी र रमेश चौलागाईंको सामान्य सेवा विभागमा, श्यामसुन्दर चौधरीको विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज भुक्तानी प्रणाली विभाग) मा, कमला खतिवडाको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग (कामकाज विराटनगर कार्यालय) मा, शिवशंकर श्रेष्ठ, सुरेन्द्र के. सी., उमेशकुमार अधिकारी, गंगालाल श्रेष्ठ, माधवप्रसाद बराल र अवन्तिका रिमालको मुद्रा व्यवस्थापन विभागमा, मुक्तिप्रसाद ढकालको बैंक तथा वित्तीय संस्था नियमन विभाग (कामकाज पोखरा कार्यालय) मा,

क्रमशः ७ पेजमा

नवराज गौतमको वित्तीय जानकारी एकाइ (कामकाज कानुन महाशाखा) मा, गुलाब धवल र कुमुदकुमार बर्माको सिद्धार्थनगर कार्यालयमा, कमलबहादुर तामाङको बैंक सुपरिवेक्षण विभागमा, शिवप्रसाद पहारीको विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज वित्त कम्पनी सुपरिवेक्षण विभाग) मा, साधुराम तिमिल्सिनाको आन्तरिक लेखापरीक्षण विभागमा, खिलनाथ दहालको वित्त व्यवस्थापन विभागमा, पुनिता मण्डलको बैंक सुपरिवेक्षण विभाग (कामकाज जनशक्ति व्यवस्थापन विभाग) मा दरबन्दी मिलान भएको छ ।

यसैगरी, सहायक निर्देशकहरु स्नेहा अग्रवालको बैंक सुपरिवेक्षण विभाग (कामकाज वित्त व्यवस्थापन विभाग) मा, सुरेश के. सी. र कृष्णबहादुर कुँवरको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा, एकराज सुवेदीको विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज विराटनगर कार्यालय) मा र डम्बर सुवेदीको विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज भुक्तानी प्रणाली विभाग) मा, निर्मला श्रेष्ठको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज मुद्रा व्यवस्थापन विभाग) मा, इला शर्माको नेपालगञ्ज कार्यालयमा, मणिराज श्रेष्ठ र केसु थापाको राष्ट्र ऋण व्यवस्थापन विभाग (कामकाज मुद्रा व्यवस्थापन विभाग) मा, योगेन्द्र डाँगीको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा (कामकाज विराटनगर कार्यालय) मा, मीना शाह ठकुरीको सूचना प्रविधि विभागमा, दिवाकरप्रसाद अधिकारीको बैंकिङ कार्यालय (कामकाज विराटनगर कार्यालय) मा, विष्णुराज पौडेलको पोखरा कार्यालयमा, वसन्ती श्रेष्ठको आन्तरिक लेखापरीक्षण विभागमा दरबन्दी मिलान भएको छ। सहायक निर्देशक (कम्प्युटर) सुन्दर मानन्धरको जनशक्ति व्यवस्थापन विभागमा दरबन्दी मिलान भएको छ ।

प्रधान सहायकतर्फ शान्ता पौडेल हुमागाईंको मुद्रा व्यवस्थापन विभागमा, सिर्जना ठडराईको बैंक तथा वित्तीय संस्था नियमन विभागमा, उमा पहराईको विदेशी विनिमय व्यवस्थापन विभागमा, शिवनारायण झाको जनकपुर कार्यालयमा, धारी महतो खुलवटको वीरगञ्ज कार्यालयमा, अष्टबहादुर श्रेष्ठको वित्त व्यवस्थापन विभागमा, सुरोज दहालको अनुसन्धान विभागमा, विजया गौतमको पोखरा कार्यालयमा, सविन ओलीको विराटनगर कार्यालयमा र मञ्जुकुमारी न्यौपानेको नेपालगञ्ज कार्यालयमा दरबन्दी मिलान भएको छ ।

सहायकतर्फ राकेशकुमार श्रेष्ठको जनशक्ति व्यवस्थापन विभाग (कामकाज विराटनगर कार्यालय) मा, दिनेशप्रसाद साह, नरेन्द्र पाण्डे, चुडामणि पोखरेल र हरिप्रसाद पौड्यालको मुद्रा व्यवस्थापन विभाग (कामकाज वीरगञ्ज कार्यालय) मा, हरिप्रसाद अर्यालको भुक्तानी प्रणाली विभाग (कामकाज धनगढी कार्यालय) मा, सुनिल कोइराला, चन्दनसिं चौधरी र रामकृष्ण राईको बैंकिङ कार्यालय (कामकाज विराटनगर कार्यालय) मा, सानुकाजी महर्जनको कानुन महाशाखा (कामकाज आन्तरिक लेखापरीक्षण विभाग) मा, राजन पुडासैनीको वित्तीय जानकारी एकाइ (कामकाज आन्तरिक लेखापरीक्षण विभाग) मा, सन्तोष अधिकारीको बैंक सुपरिवेक्षण विभागमा, रामप्रसाद न्यौपानेको सिद्धार्थनगर कार्यालयमा र ईश्वर गिरीको सामान्य सेवा विभागमा दरबन्दी मिलान भएको छ ।

उपसहायकतर्फ श्रीकृष्णप्रसाद पौडेलको बैंकिङ कार्यालय (कामकाज सामान्य सेवा विभाग) मा, नवीन आचार्यको पोखरा कार्यालय (कामकाज सिद्धार्थनगर कार्यालय) मा, रमेशबहादुर पोडेको बैंकिङ कार्यालय (कामकाज सिद्धार्थनगर कार्यालय) मा, इन्दिरा कँडेलको नेपालगञ्ज कार्यालय (कामकाज सिद्धार्थनगर कार्यालय) मा, रुकमाया सनुवार (गुरुङ) को वित्त व्यवस्थापन विभागमा, दिनेश के. सी. को मुद्रा व्यवस्थापन विभागमा, इन्द्रसिं विष्ट तथा टीकाराम महराको धनगढी कार्यालयमा र उदयशंकर शर्माको जनकपुर कार्यालयमा दरबन्दी मिलान भएको छ ।

उपप्रधान चालकहरु वसन्त विष्टको सामान्य सेवा विभागमा र कृष्ण नकर्मीको वीरगञ्ज कार्यालय (कामकाज बैंकिङ कार्यालय) मा दरबन्दी मिलान भएको छ ।

कार्यालय सहयोगी प्रथमतर्फ जगतबहादुर बस्नेतको आन्तरिक लेखापरीक्षण विभागमा, करुणाकर भट्टको जनशक्ति व्यवस्थापन विभागमा, कन्हैयालाल वाल्मिकीको नेपालगञ्ज कार्यालयमा र हरिन्दर मेहत्तरको वीरगञ्ज कार्यालयमा तथा कार्यालय सहयोगी द्वितीयतर्फ उज्जवल थापाको विदेशी विनिमय व्यवस्थापन विभागमा, रणबहादुर थापाको बैंकिङ कार्यालयमा र रामबाबु पोडेको अनुसन्धान विभाग (कामकाज वित्त कम्पनी सुपरिवेक्षण विभाग) मा दरबन्दी मिलान भएको छ भने कार्यालय सहयोगी तृतीयतर्फ निर्मला अधिकारीको बैंक तथा वित्तीय संस्था नियमन विभागमा र लेखनाथ पाण्डेको भुक्तानी प्रणाली विभागमा दरबन्दी मिलान भएको छ ।

कार्यालय सहयोगी चतुर्थतर्फ डम्बरबहादुर मल्लको धनगढी कार्यालयमा, लक्ष्मण खड्काको बैंकर्स प्रशिक्षण केन्द्रमा, खिनबहादुर मगर र अनिता नेपालीको गभर्नरको कार्यालयमा, जगतमाया महर्जनको संस्थागत योजना विभागमा, राधा भट्ट र सरस्वती नगरकोटीको बैंकिङ कार्यालयमा, महेन्द्र केवट र सुरेश डफालीको सिद्धार्थनगर कार्यालयमा, टीकामाया अधिकारीको पोखरा कार्यालयमा, आशाकुमारी डोम र सुनेत्रीदेवी डोम तथा माइली तामाङको विराटनगर कार्यालयमा र सानुमैयाँ बज्राचार्यको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा दरबन्दी मिलान भएको छ ।

यसैगरी, सरस्वती अर्यालको सामान्य सेवा विभागमा, राजाराम महतो खुलवटको वीरगञ्ज कार्यालयमा, आरती महर्जन तथा माइला पोडेको मुद्रा व्यवस्थापन विभागमा, तोयालाल माझीको नेपालगञ्ज कार्यालयमा, लक्ष्मी भण्डारीको विदेशी विनिमय व्यवस्थापन विभागमा र देवकीदेवी मेहत्तरको जनकपुर कार्यालयमा दरबन्दी मिलान भएको छ ।

# कार्यकारी निर्देशक तथा निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी The SEACEN Centre ले Kuala Lumpur, Malaysia मा अगस्त ४-५ मा आयोजना गरेको 18th SEACEN Conference of Directors of Supervision of Asia Pacific Economies र 29th Meeting of SEACEN Directors of Supervision मा सहभागी हुनुभयो ।

मुद्रा व्यवस्थापन विभागका कायम मुकायम कार्यकारी निर्देशक भुवन कँडेल ICBC ले Hongkong मा जुलाइ १९ देखि २२ सम्म आयोजना गरेको China: Opportunities and Challenges for Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकर्स प्रशिक्षण केन्द्रका सहायक निर्देशक विष्णुप्रसाद कँडेलको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

भुक्तानी प्रणाली विभागका कायम मुकायम कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के The SEACEN Centre ले Kuala Lumpur, Malaysia मा जुलाइ २१-२२ मा आयोजना गरेको SEACEN Conference of Directors of Payment and Settlement Systems of Asia-Pacific Central Banks:Strengthening Resilience of Payment Systems to Cyber Crimes र 15th Meeting of SEACEN Directors of Payment and Settlement Systems मा सहभागी हुनुभयो ।

धनगढी कार्यालयका निर्देशक विश्रुत थापा र बैंकिङ कार्यालयका कायम मुकायम निर्देशक चेतप्रसाद उप्रेती The SEACEN Centre ले Kuala Lumpur, Malaysia मा जुलाइ १७ देखि २१ सम्म आयोजना गरेको 15th SEACEN Advanced Course on Payment and Settlement Systems for Emerging Economies: Strengthening Resilience of Payment Systems to Cybercrimes विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका सहायक निर्देशकहरु मोहनप्रसाद भट्टराई र कमलप्रकाश कालाथोकीको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

गभर्नरको कार्यालयका निर्देशक प्रकाशकुमार श्रेष्ठ Ministry of Foreign Affairs, Islamabad ले Islamabad, Pakistan मा जुलाइ २०-२१ मा आयोजना गरेको Eight Meeting of SAARC Inter Governmental Expert Group (IGEC) on Financial Issues मा सहभागी हुनुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक सौरभ पोखरेलको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

वित्त कम्पनी सुपरिवेक्षण विभागका उपनिर्देशक दिनेशकुमार सिं र बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक निभा श्रेष्ठ The SEACEN Centre ले Kuala Lumpur, Malaysia अगस्त ८-९ मा आयोजना गरेको Achieving Accurate Bank Financial Reporting During Period of Rising Credit Risk विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उपनिर्देशक रामहरि दाहाल, विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक मनोज गुरुङ, बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक रुद्रप्रसाद तिम्सिना र बैंकिङ कार्यालयका सहायक निर्देशक विश्वम्भर अधिकारी CICTAB ले VAMNICOM, Pune, India मा जुलाइ १८ देखि २२ सम्म आयोजना गरेको International Programme on Database Management for Cooperatives and Rural Financing Institutions मा सहभागी हुनुभयो ।

वित्त व्यवस्थापन विभागका उपनिर्देशक मुक्तिनाथ सापकोटा र सहायक निर्देशकहरु सूचना प्रविधि विभागका उपेन्द्र सिं तथा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका देवराज घिमिरे BNM ले Sasana Kijang, Kuala Lumpur, Malaysia मा जुलाइ २५ देखि २९ सम्म आयोजना गरेको Operational and Technological Risk Management and Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी एकाइका उपनिर्देशक श्यामकृष्ण दाहाल र सहायक निर्देशक संगीता सिल्वाल Government of PRC ले China मा अगस्त १५ देखि २६ सम्म आयोजना गरेको 2016 Seminar on Anti-Money Laundering for Nepal मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक जुद्धमान श्रेष्ठ र मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक लोकेशकुमार न्यौपाने CICTAB ले NCC Regional Centre, Anuradhapura, Sri Lanka मा जुलाइ २० देखि २४ सम्म आयोजना गरेको International Program on Cooperative Governance for Board of Directors of Rural Financing Institution and Cooperatives मा सहभागी हुनुभयो ।

सहायक निर्देशकहरु समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका राजेशप्रसाद शर्मा र टेकराज भण्डारी तथा विकास बैंक सुपरिवेक्षण विभागका नवराज तिवारी र विश्व के. सी. The SEACEN Centre ले Singapore मा जुलाइ २६ देखि २८ सम्म आयोजना गरेको SEACEN-FSI Regional Seminar on Problem Bank Supervision and Early Intervention मा सहभागी हुनुभयो ।

# कृषि तथा पशुजन्य वस्तुको वैदेशिक व्यापार


जयन्ती चापागाईं
सहायक निर्देशक, ने.रा.बैंक

## पृष्ठभूमि

नेपालको अन्तर्राष्ट्रिय व्यापार घाटा प्रत्येक वर्ष बढ्दै गएको छ । निर्यातको तुलनामा आयात उच्च परिमाणमा हुने गरेको कारण यस्तो अवस्था आएको हो । कृषि तथा अत्यावश्यक वस्तुहरुको आयात समेत बढ्दै गएको हुनाले नेपाली अर्थतन्त्रमा निर्यातको आधार कमजोर रहेको र आयातमा निर्भर बढ्दै गएको अवस्था देखिन्छ । आर्थिक वर्ष २०७२/७३ मा कुल वस्तु व्यापारमा निर्यात भन्दा आयात करिव ११ गुणाले बढी छ । विगत केही वर्षयता चर्को व्यापार घाटा मुलुकले व्यहोर्नु परिरहेको परिस्थिति सार्वजनिक चासो र चिन्तनको विषय बन्न पुगेको छ । वैदेशिक व्यापारमा आयात र निर्यातको अवस्थावाट व्यापार घाटा वा नाफाको यथार्थ स्थिति अवगत हुने गर्दछ । त्यस्तै एक राष्ट्को बिश्वका बाँकी राष्ट्रहरुसंग भएको आर्थिक कारोवारको विवरणले मुलुकको शोधनान्तर स्थितिलाई झल्काउँछ ।

## विद्यमान अवस्था

मुलुकमा भित्रिएको विप्रेषण आयले गर्दा उच्च व्यापार घाटा भए पनि बाह्य क्षेत्र अर्थात शोधनान्तर वचतको स्थिति कायम रहेको छ । तर विप्रेषण आयले वर्तमानमा बाह्य क्षेत्र सन्तुलन कायम राख्न टेवा पुऱ्याएको भए तापनि यसलाई दिगो स्रोतको रुपमा लिन सकिँदैन । नेपालवाट वैदेशिक रोजगारीमा जाने मुख्य गन्तव्य मुलुकहरु संयुक्त अरव इमिरेट्स, मलेशिया लगायतका देशहरुको आर्थिक वृद्धिदर कम हुने अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । ती मुलुकहरुले अन्य मुलुकहरुसँग कामदार ल्याउने संझौता गरेका छन् । विप्रेषण आप्रवाहलाई प्रत्यक्ष प्रभाव पार्ने वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्या आर्थिक वर्ष २०७२/७३ मा १८.४ प्रतिशतले गिरावट आएको छ । वैदेशिक रोजगारीमा जाने कामदारहरुको संख्यामा ह्रस आएसंगै विप्रेषण आयको वृद्धिदर ७.७ प्रतिशत मात्र रहेको छ । विप्रेषण आय घट्दा बाह्य क्षेत्र सन्तुलन कायम राख्ने केन्द्रीय बैंकको लक्ष्यलाई चुनौतीपूर्ण बनेको छ । विप्रेषण आयमा मात्र एकहोरो निर्भर रहनु भन्दा अन्य विकल्प खोज्नु बुद्धिमानी हुन्छ । कृषि एवम् पशुजन्य वस्तुहरुको उत्पादनको साथै आन्तरिक उत्पादन बढाई निर्यात गर्न सके वढ्दो वैदेशिक व्यापार घाटा कम गर्न टेवा पुऱ्याउन सकिन्छ ।

**तालिका-१ नेपालको अन्तर्राष्ट्रिय वस्तु व्यापार**
(आर्थिक वर्ष २०७२/७३)

(रु अर्बमा)

| अन्तर्राष्ट्रिय व्यापार | भारत | चीन | अन्य मुलुक | जम्मा |
|---|---|---|---|---|
| आयात | ४७७.२१ | ११५.६९ | १८०.६९ | ७७३.५९ |
| निर्यात | ३९.४९ | १.६८ | २८.९४ | ७०.११ |
| व्यापार सन्तुलन | -४३७.७२ | -११४.०१ | -१५१.७५ | -७०३.४८ |
| निर्यात-आयात अनुपातः ९.१ प्रतिशत | | | | |

*स्रोतः नेपाल सरकार, भन्सार विभाग ।*

आर्थिक वर्ष २०७२/७३ मा भारततर्फको कुल वस्तु व्यापारमा ४ खर्ब ३७ अर्व ७२ करोड घाटा भएको देखिन्छ । चीनतर्फ रु ११४ अर्व र अन्य मुलुकमा १५१ अर्व ७५ करोड गरी कुल व्यापार घाटा ७०३ अर्व ४८ करोड रहेको छ । कुल निर्यात भन्दा आयात करिव ११ गुणाले बढी छ । भारततर्फको मात्रै हेर्दा कुल निर्यात भन्दा आयात करिव १२ गुणाले बढी देखिन्छ । कुल वस्तु व्यापारमा भारततर्फको अंशमात्र करिव ६२ प्रतिशत रहेको देखिन्छ ।

नेपालबाट निर्यात हुने कृषिजन्य वस्तुहरुमा जुनेलो, चक्कीआटा, चिराइतो, नेपाली जडीबुटी, रुद्राक्ष दाना, अम्लिसो, रिट्ठा, दालचिनी, मसला, अदुवा, ठुलो अलैंची, आलु, आँप, ताजा हरियो तरकारी, तेजपत्ता आदि रहेका छन् । माछा, मासु, राघा- भैसीको हड्डी- मासु आदि पशुजन्य वस्तुहरुको पनि नेपालबाट निर्यात हुने गरेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा भारततर्फ नेपालको कृषि एवम् पशुजन्य उत्पादन व्यापार घाटा ५ अर्ब ५९ करोड, चीनतर्फ रु. १ अर्ब ७८ करोड र अन्य मुलुकमा ५ अर्ब ८५ करोड गरी कूल कृषि एवम् पशुजन्य उत्पादनको व्यापार घाटा १३ अर्ब २३ करोड भएको देखिन्छ । कृषि एवम् पशुजन्य उत्पादनको निर्यात भन्दा आयात करिव ७ गुणाले अधिक रहेको देखिन्छ। भारततर्फ मात्रै कुल निर्यात भन्दा आयात करिव ४ गुणाले बढी रहेको देखिन्छ । कुल वस्तु व्यापारमा भारततर्फको अंशमात्र करिव ४२ प्रतिशत रहेको छ । नेपालको कुल बस्तु व्यापार र कृषि एवम् पशुजन्य उत्पादनमा निर्यात आयात अनुपात क्रमशः ९.१% र १४.३ % रहेको छ ।

**तालिका- २ नेपालको कृषि एवं पशुजन्य उत्पादनको अन्तर्राष्ट्रिय व्यापार**
(आर्थिक वर्ष २०७२/७३)

(रु अर्बमा)

| अन्तर्राष्ट्रिय व्यापार | | भारत | चीन | अन्य मुलुक | जम्मा |
|---|---|---|---|---|---|
| आयात | कृषिजन्य | ५.२६ | १.७४ | १.६९ | ८.६९ |
| | पशुजन्य | २.०४ | .०७४ | ४.६२ | ६.७४ |
| | कूल | ७.३० | १.८१ | ६.३२ | १५.४३ |
| निर्यात | कृषिजन्य | ०.९२ | .०१७ | .३२० | १.२५७ |
| | पशुजन्य | ०.७८ | .००८ | ०.१६ | ०.९५ |
| | कूल | १.७० | .०२६ | .४७ | २.२१ |
| व्यापार संतुलन | | -५.५९ | -१.७८ | -५.८५ | -१३.२३ |
| कृषि एवं पशुजन्य निर्यात आयात अनुपातः १४.३ प्रतिशत | | | | | |

*स्रोतः नेपाल सरकार, भन्सार विभाग ।*

कृषि तथा पशुजन्य उत्पादनको क्षेत्रमा उत्पादन विस्तारको संभावना छ । नेपालको कुल निर्यातमा कृषि तथा पशुजन्य वस्तुको अंश अधिक रहेकोले कुल वस्तु व्यापारको तुलनामा कृषि तथा पशुजन्य वस्तुहरुमा व्यापार घाटा कम रहेको छ । व्यापार घाटा कम गर्ने दिगो उपायका

क्रमशः १० पेजमा

लागि कृषिक्षेत्रमा आन्तरिक उत्पादन क्षमता तथा उत्पादकत्व अभिवृद्धि गर्नु आवश्यक छ। तसर्थ आन्तरिक उत्पादन क्षमता बढाउँदै स्थानीय श्रम तथा कच्चा पदार्थ प्रयोग गरी कृषि तथा पशुजन्य उत्पादनमा थप लगानी वढाउन सकेमा मात्र यस क्षेत्रको निर्यात वृद्धि गर्न सकिन्छ। कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्न निम्न अल्पकालीन तथा दीर्घकालीन रणनीति अवलम्बन गर्नु उपयुक्त हुन्छ।

### अल्पकालीन रणनीति

- कृषि क्षेत्रमा मल, बीउबिजनको सहज आपुर्तिको व्यवस्था गर्नु पर्ने।
- अर्ग्यानिक कृषि उपजमा जोड दिँदै यस क्षेत्रको उत्पादन अभिवृद्धि गर्ने।
- सिंचाइ सम्बन्धी योजनाहरु विवादरहित वनाउने र समयमै सम्पन्न गर्ने।
- कृषि बीमा नीतिमा व्यापकता ल्याउने।
- कृषि कर्जाको व्याज अनुदान नीतिको दायरा फराकिलो बनाउने।
- कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता बढाउने।
- माछाको उपभोग र आयात बढिरहेको हुँदा मत्स्यपालनमा लगानी बढाउन कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलव्ध गराउने।
- ग्रामीण क्षेत्रमा वित्तीय अल्पता हटाई सर्वसुलभ ढंगले कृषि कर्जाको व्यवस्था गर्ने।
- च्याउ, जडीबुटी, चिया, कफी, अलैंची, मसला, तरकारी दलहन, मौरी पालन, पुष्प, सनफ्लावर, केशर भेनिला आदि जस्ता उच्च मूल्य प्राप्त हुने वस्तुको खेतीमा जोडदिँदै प्रशोधित एवम् अर्धप्रशोधित उत्पादनको निर्यात बढाउने।
- आफ्नो धर्म परम्परा, संस्कृतिको जगेर्ना गर्न वाहेक अन्य अवस्थामा अन्न कुहाएर स्थानीय मदिरा उत्पादन गर्ने कार्यलाई प्रतिबन्ध लगाउने।

### दीर्घकालीन रणनीति

- साना, मझौला र ठुला सिंचाई आयोजना संचालन गरी कृषि क्षेत्रमा सिंचाई सुविधा उपलव्ध गराउने।
- कृषि क्षेत्रलाई निर्वाहमुखी अवस्थावाट व्यावसायिक स्थितिमा रुपान्तरित गर्न यान्त्रिकीकरणमा जोड दिने।
- हिमाली क्षेत्रलाई पशुपालन, पहाडी क्षेत्रलाई फलफूल, चिया र कफी खेती तथा तराई क्षेत्रलाई अन्नको भण्डारको रुपमा विकास गर्न सरकारी नीति मार्फत कार्यक्रम अघि बढाउने।
- ग्रामीण तथा कृषि सडक एवम् सवै जिल्लाका सदरमुकामसम्म जोड्ने सडकलाई कालोपत्रे गरी राष्ट्रिय राजमार्गको संजालसँग आबद्ध गर्नुपर्ने र संचालनमा रहेका सडकहरुको स्तरोन्नति गर्नुपर्ने।
- कृषि क्षेत्रमा यान्त्रिकीकरण गरी यसलाई आधुनिकीकरण गर्ने तथा कृषि प्राविधिक सूचना केन्द्र स्थापना गर्दै जडीबुटी खेती तथा सोसंग सम्बन्धित उद्योगहरुको स्थापना गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय वजार सुरक्षित गर्ने।
- कषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउन गुणस्तरीय बिउबिजनको महत्वपूर्ण भूमिका रहने भएकोले सरकारले बिउबिजन कम्पनीलाई साधन सम्पन्न बनाउने।
- हाल नेपालमा करोडौं रकमको आलु, टमाटर, लसुन, प्याज, खुर्सानी, कागती, हरियो तरकारी आदि समेत भारतवाट आयात भइरहेको सन्दर्भमा व्यावसायिक तरकारी खेतीको विकास गरी आयात प्रतिस्थापन गर्न जोड दिने।
- जलोत्पन्न प्रकोपवाट हुने भूक्षय रोक्ने कार्य दिगो रुपमा प्रारम्भ गरी खेतीयोग्य जमिनलाई मरुभूमि हुनवाट जोगाउनु पर्ने।
- खेतीयोग्य जमिनको खण्डीकरण गरी घडेरी व्यवसाय गर्ने तथा जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्ने।
- मासुको आयातलाई पूर्ण प्रतिस्थापन गर्ने गरी  खसी, बाखा र राँगापालन व्यवसायमा लगानी बढाउने।

### उपसंहार

वर्तमान अवस्थामा विप्रेषण आयको कारणले गर्दा वाह्य क्षेत्र सन्तुलन कायम राख्न सकिएको छ। तर सधैं यस्तो नहुन सक्छ। आयातमुखी नेपालको अर्थतन्त्रमा निर्यातको आधार कमजोर रहेकोले व्यापार घाटा उच्च रहँदै आएको छ। कम प्रतिफल तर उच्च रोजगारी दिएको कृषि क्षेत्रमा अझ थप लगानी गरी आन्तरिक उत्पादन क्षमता बढाउन सकेमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ। कृषिमा आधुनिक प्रविधि भित्र्याई मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउन सकिन्छ। कृषिजन्य वस्तुको उत्पादन वृद्धि हुँदै गएपछि कृषिको व्यावसायीकरण भई औद्योगिक विकासको आधारशीला तयार हुन्छ। मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एक तिहाई अंश कृषि क्षेत्रले ओगटेको छ। कृषि क्षेत्रलाई मर्यादित पेशाको रुपमा अंगिकार गरी युवा सहभागिता जुटाउन प्रोत्साहन गर्ने, कृषिजन्य वस्तुको उत्पादन विविधीकरण गर्ने, कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादन बढाउने, आन्तरिक उत्पादनको उपभोगमा प्रोत्साहन गर्ने र कच्चा पदार्थको रुपमा भन्दा प्रशोधित बस्तुको निर्यात गर्नाले व्यापार घाटा कम गर्न तथा प्रतिफल उच्च बनाउन सहयोग पुग्दछ। निर्यातको आधारलाई फराकिलो र सशक्त बनाउन कृषिक्षेत्रको उत्पादन बढाउन प्रोत्साहन गर्नु आवश्यक छ। तसर्थ कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाई यस क्षेत्रको उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न सकिएमा मात्र कुल वस्तु व्यापार घाटा कम गर्दै दिगो रुपमा बाह्य क्षेत्र सन्तुलन कायम राख्न सकिन्छ। फलस्वरुप संविधानको मर्म र भावना अनुकुल स्वतन्त्र, आत्मनिर्भर र समृद्ध अर्थतन्त्रको निर्माण हुन सक्ने कुरामा आशावादी बन्न सकिन्छ।

**सन्दर्भ सामग्रीः**

आर्थिक सर्वेक्षण (आ.व.२०७२/७३)
नेपालको संविधान २०७२
नेपाल राष्ट्र बैंक : देशको वर्तमान आर्थिक स्थिति आ.व.२०७२/७३)
नेपालको कुल वैदेशिक व्यापार स्थिति

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

## (आर्थिक वर्ष २०७२/७३ को वार्षिक तथ्याङ्कमा आधारित)

### गार्हस्थ्य उत्पादन

केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०७२/७३ मा यथार्थ कुल गार्हस्थ्य उत्पादन वृद्धिदर आधारभूत मूल्यमा ०.८ प्रतिशत रहेको छ। उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धि ०.६ प्रतिशत रहेको अनुमान छ। कृषि क्षेत्रको उत्पादन १.३ प्रतिशत तथा गैर-कृषि क्षेत्रको उत्पादन ०.६ प्रतिशतले वृद्धि भएको छ। धानको उत्पादन १०.२ प्रतिशत, गहुँको उत्पादन ५.० प्रतिशत र कोदोको उत्पादन २.० प्रतिशतले ह्रास भएको अनुमान छ। मकैको उत्पादन ४.० प्रतिशतले बढेको अनुमान छ। आलुको उत्पादन ४.५ प्रतिशत र तरकारीको उत्पादनमा ५.० प्रतिशतले वृद्धि भएको अनुमान छ। उद्योग क्षेत्रको उत्पादनमा ६.३ प्रतिशतले ह्रास आएको अनुमान छ। सेवा क्षेत्रको उत्पादन २.७ प्रतिशतले वृद्धि भएको अनुमान छ।

### मुद्रास्फीति

आर्थिक वर्ष २०७२/७३ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रह्यो। वार्षिक बिन्दुगत आधारमा २०७३ असार महिनामा उपभोक्ता मुद्रास्फीति १०.४ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ समूह र गैर-खाद्य तथा सेवा समूहको औसत मूल्य वृद्धिदर क्रमशः १०.९ प्रतिशत र ९.२ प्रतिशत रहेको छ। दलहन तथा गेडागुडीको मूल्य ३२.७ प्रतिशत, घ्यू तथा तेलको मूल्य १९.५ प्रतिशत र मसलाको मूल्य १३.५ प्रतिशतले बढेको छ। लत्ता कपडा तथा जुत्ता र घरायसी सामान तथा सेवाको मूल्यमा क्रमशः १४.२ प्रतिशत र १२.७ प्रतिशतले वृद्धि भएको छ।

क्षेत्रगत आधारमा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति काठमाडौं उपत्यकामा ११.६ प्रतिशत, पहाडमा १०.४ प्रतिशत, हिमालमा ८.८ प्रतिशत र तराईमा ८.६ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ मा वार्षिक औसत थोक मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ। थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क १०.५ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क ६.२ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरुको वार्षिक औसत मूल्य सूचकाङ्क २.९ प्रतिशतले घटेको छ।

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०७२/७३ मा कुल वस्तु निर्यात १७.८ प्रतिशतले ह्रास आई रु. ७० अर्ब १२ करोडमा सीमित भएको छ। भारततर्फ २९.३ प्रतिशत र चीनतर्फ २४.६ प्रतिशतले गिरावट आएको निर्यात अन्य मुलुकतर्फ भने ६.३ प्रतिशतले बढेको छ। कुल वस्तु निर्यातको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ३.१ प्रतिशतमा झरेको छ।

समीक्षा वर्षमा कुल वस्तु आयात ०.१ प्रतिशतले घटेर रु. ७७३ अर्ब ६० करोड पुगेको छ। पेट्रोलियम पदार्थ बाहेकको आयात भने ६.४ प्रतिशतले बढेको छ। चीनबाट भएको आयात १५.५ प्रतिशतले बढेको छ भने भारत र अन्य मुलुकबाट भएको आयात क्रमशः २.९ प्रतिशत र १.२ प्रतिशतले घटेको छ। कुल वस्तु आयातको कुल गार्हस्थ उत्पादनसँगको अनुपात ३४.४ प्रतिशतमा झरेको छ।

समीक्षा वर्षमा कुल वस्तु व्यापार घाटा २ प्रतिशतले बढी रु. ७०३ अर्ब ४८ करोड पुगेको छ। कुल वस्तु व्यापार घाटाको कुल गार्हस्थ उत्पादनसँगको अनुपातमा सीमान्त दरले कमी आई ३१.३ प्रतिशत रहेको छ। निर्यात-आयात अनुपात ९.१ प्रतिशत अर्थात निर्यातको आकारको तुलनामा आयातको आकार करिब ११ गुणा ठूलो रहेको छ।

### सेवा/विप्रेषण आप्रवाह

समीक्षा वर्षमा कुल सेवा आयमा ७.२ प्रतिशतले कमी आएको र कुल सेवा खर्च ५.७ प्रतिशतले वृद्धि भएको कारण खुद सेवा आय बचत ६४.३ प्रतिशतले घटेर रु. ९ अर्ब ८५ करोडमा खुम्चिएको छ। सेवा खाता अन्तर्गत पर्यटन आय २१.८ प्रतिशतले घटेको छ। पर्यटन खर्च भने ६.१ प्रतिशतले बढेको छ। पर्यटन खर्च अर्न्तगत शिक्षातर्फको खर्च समीक्षा वर्षमा १८ प्रतिशतले बढेको छ।

समीक्षा वर्षमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले वृद्धि भई रु. ६६५ अर्ब ६ करोड पुगेको छ। विप्रेषण आप्रवाहको कुल गार्हस्थ उत्पादनसँगको अनुपात २९.६ प्रतिशत पुगेको छ। खुद ट्रान्सफर आय ९.६ प्रतिशतले वृद्धि भई रु. ७७८ अर्ब १९ करोड पुगेको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या आर्थिक वर्ष २०७२/७३ मा १८.४ प्रतिशतले घटेको छ।

### चालू खाता/शोधनान्तर स्थिति

चालू खाता समीक्षा वर्षमा रु. १४० अर्ब ४२ करोडले बचतमा रहेको छ। शोधनान्तर रु. १९१ अर्ब २४ करोडले बचतमा रहेको छ। पुँजीगत ट्रान्सफर रु. १६ अर्ब ९९ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. ५ अर्ब ९२ करोड रहेको छ। नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा समीक्षा वर्षमा प्रत्यक्ष वैदेशिक लगानीमा रु. ६ अर्ब २५ करोड लाभांश भुक्तानी भएको छ।

विदेशी विनिमय/सञ्चिति/सम्पत्ति र दायित्व

कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तमा रु. १०३९ अर्ब २१ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८८७ अर्ब १ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १५२ अर्ब २० करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.४ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १६.५ महिनाको वस्तु आयात र १४.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका छन्।

२०७३ असार मसान्तमा मुलुकको वैदेशिक सम्पत्ति रु. १०५४ अर्ब १ करोड तथा दायित्व रु. ५६४ अर्ब ५५ करोड रहेको छ। सम्पत्ति र दायित्वको खुद स्थिति (Net International Investment Position) रु. ४८९ अर्ब ४६ करोडले धनात्मक रहेको छ।

बाँकी अन्तिम पेजमा

## सरकारी राजस्व र खर्च

आर्थिक वर्ष २०७२/७३ मा नेपाल सरकारको राजस्व १८.९ प्रतिशतले वृद्धि भई रु. ४८२ अर्ब ७५ करोड पुगेको छ। उक्त राजस्व वार्षिक बजेट लक्ष्य रु. ४७५ अर्ब १ करोडको १०१.६ प्रतिशत हुन आउँछ। राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात २१.५ प्रतिशत पुगेको छ।

राजस्वका शीर्षकहरूमध्ये मूल्य अभिवृद्धि कर राजस्व ८.६ प्रतिशतले वृद्धि भई रु. १२२ अर्ब ७ करोड परिचालन भएको छ। आयकर राजस्व ३२.४ प्रतिशतले वृद्धि भई रु. ११७ अर्ब १३ करोड पुगेको छ। भन्सार महसूलबाट प्राप्त हुने राजस्व १०.९ प्रतिशतले वृद्धि भई रु. ८२ अर्ब ८१ करोड पुगेको छ। अन्तःशुल्क परिचालन २९.८ प्रतिशतले वृद्धि भई रु. ६९ अर्ब ४५ करोड पुगेको छ। गैर-कर राजस्व परिचालन २२.९ प्रतिशतले वृद्धि भई रु. ६१ अर्ब ३१ करोड पुगेको छ।

आर्थिक वर्ष २०७२/७३ मा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ११.९ प्रतिशतले वृद्धि भई रु. ५६९ अर्ब ५७ करोड पुगेको छ। नगद प्रवाहमा आधारित चालू खर्च ६.५ प्रतिशतले वृद्धि भई रु. ३५६ अर्ब ५० करोड पुगेको छ। चालू खर्च बजेट अनुमानको ७३.६ प्रतिशत भएको छ।

समीक्षा वर्षमा नगद प्रवाहमा आधारित पूँजीगत खर्च अघिल्लो वर्षको तुलनामा ३७.९ प्रतिशतले वृद्धि भई रु. १११ अर्ब ७० करोड पुगेको छ। पुँजीगत खर्च बजेट अनुमान रु. २०९ अर्बको ५३.५ प्रतिशत भएको छ। नगद प्रवाहमा आधारित वित्तीय व्यवस्था अन्तर्गतको खर्च अघिल्लो वर्षको ५७ प्रतिशत वृद्धिको तुलनामा ८.६ प्रतिशतले वृद्धि भई रु. १०१ अर्ब ३७ करोड पुगेको छ। उक्त रकम बजेट अनुमानको ८०.२ प्रतिशत हुन आउँछ।

## बजेट घाटा/पूर्तिका स्रोतहरु/ सरकारी ऋण

आर्थिक वर्ष २०७२/७३ मा नगद प्रवाहमा आधारित बजेट रु. ३७ अर्ब ४९ करोडले घाटामा रहेको छ। आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादनसँग बजेट घाटाको अनुपात १.७ प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७२/७३ मा कुल आन्तरिक ऋण रु. ८७ अर्ब ७७ करोड परिचालन भएको छ। उक्त ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३.९ प्रतिशत रहेको छ। रु. ५० अर्ब ४० करोड आन्तरिक ऋणको भुक्तानी भएको छ भने नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रु. १२७ अर्ब ३८ करोड नगद मौज्दात रहेको छ।

आर्थिक वर्ष २०७२/७३ को असार मसान्तमा नेपाल सरकारको कुल तिर्न बाँकी वाह्य ऋण रु. ३८१ अर्ब ७४ करोड रहेको छ। नेपाल सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण अघिल्लो वर्षको रु. १९६ अर्ब ७९ करोडबाट रु. २३४ अर्ब १६ करोड पुगेको छ। दुबै जोड्दा नेपाल सरकारको तिर्न बाँकी कुल ऋण रु. ६१५ अर्ब ९० करोड हुन आउछ। सरकारको कुल ऋण/कुल गार्हस्थ्य उत्पादन अनुपात २०७२/७३ मा २७.४ प्रतिशत छ भने कुल ऋण भुक्तानी/राजस्व अनुपात १७.६ प्रतिशत छ।

## निक्षेप संकलन/कर्जा प्रवाह

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १९.४ प्रतिशतले बढेको छ। वाणिज्य बैंक र विकास बैंकहरुको निक्षेप क्रमशः २०.७ प्रतिशत र १६.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको निक्षेप १२ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०७२/७३ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २३.७ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र विकास बैंकहरुको कर्जा प्रवाह क्रमशः २६.५ प्रतिशत र २०.३ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरुको कर्जा प्रवाह १२.५ प्रतिशतले घटेको छ।

समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाहरुबाट यातायात, संचार तथा सार्वजनिक सेवातर्फको कर्जा ३९.८ प्रतिशतले बढेको छ। थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा २५.८ प्रतिशत र वित्तीय, बीमा तथा स्थिर सम्पत्तितर्फको कर्जा २५.९ प्रतिशतले बढेको छ। कृषि क्षेत्रतर्फको कर्जा २०.९ प्रतिशतले बढेको छ। औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा १५.९ प्रतिशतले बढेको छ।

## अन्तरबैंक कारोबार/तरलता सुविधा/ब्याजदर

आर्थिक वर्ष २०७२/७३ मा वाणिज्य बैंकहरुले रु. ९६१ अर्ब ७२ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. १२९ अर्ब ६ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन्। बैंक तथा वित्तीय संस्थाहरुले रु. ८ अर्ब ५५ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन्।

२०७३ असारमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.०४५६ प्रतिशत कायम रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ०.६९ प्रतिशत पुगेको छ। अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ३.२५ प्रतिशत पुगेको छ। वाणिज्य बैंकहरुको भारित औसत ब्याजदर अन्तर ४.८५ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७२ असारको ७.८८ प्रतिशतको तुलनामा २०७३ असारमा ६.५४ प्रतिशत कायम हुन आएको छ।

## मर्जर/प्राप्ति/रिजोलुसन/सञ्जाल

"बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने सम्बन्धी विनियमावली, २०६८" कार्यान्वयनमा आएपछि २०७३ असार मसान्तसम्ममा १०८ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भई ४३ वटा संस्था बनेका छन्। दुई वाणिज्य बैंकले चारवटा वित्त कम्पनीहरू र एक विकास बैंकले अर्को एक विकास बैंक प्राप्ति (Acquisition) गरेका छन्। ११ वटा संस्थाहरू (२ विकास बैंक र ९ वित्त कम्पनीहरू) रिजोलुसनको प्रक्रियामा रहेका छन्।

२०७३ असार मसान्तमा २८ वाणिज्य बैंक, ६७ विकास बैंक, ४२ वित्त कम्पनी र ४२ लघुवित्त विकास गरी १७९ बैंकहरु संचालनमा रहेका छन्। मर्जर तथा प्राप्तिको परिणामस्वरुप बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा कमी आए तापनि शाखा सञ्जाल विस्तार भई ४२७२ पुगेको छ।

## पूँजी बजार

नेप्से सूचकाङ्क २०७३ असार मसान्तमा १,७१८.२ विन्दुमा पुगेको छ। आर्थिक वर्ष २०७२/७३ मा कुल शेयर कारोबार रकम १५१ प्रतिशतले वृद्धि भई रू. १६३ अर्ब ९६ करोड पुगेको छ।

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

सम्पादक
विभुप्रसाद अर्याल

सम्पादन सहयोगी
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७०६१३, ४७७०२५३